# योग सिद्धिका लागि भावाचार



परमहंस आचार्य योगिराज स्वामी बालकृष्णानन्द
"मुक्तबुद्ध"

# योगसिद्धिका लागि भावाचार

योग मानव जीवनको अमूल्य निधि हो । मानवले योगबाट नै परमात्मालाई सहज रूपले प्राप्त गर्न सक्दछ । योगबाट शारीरिक, मानसिक, भावनात्मक सबै विकृतिहरुको निवारण गर्न सकिन्छ । त्यसैले योग मानव जीवनको लागि परमात्मा स्वरूप हो । यहाँहरुले योग बारेमा राम्रो किसिमले सम्झनु भयो, बुझ्नु भयो र धारण गरिदिनु भयो भने यहाँहरुको परमकल्याण अवश्य नै हुन्छ किनभने हामीले कुनै पनि लक्ष्य प्राप्त गर्नको लागि ज्ञानको आवश्यकता छ ज्ञानले हामीलाई लक्ष्यको बोध गराउँछ, त्यसको दिग्दर्शन गराउँछ । परमात्माको स्वरुप ज्ञानले देखाई दिन्छ । योगले त्यसमा स्थिति गराईदिन्छ । यदि ज्ञान त छ तर योग छैन भने व्यक्ति अपूर्ण हुन्छ । त्यसैले ज्ञानको पूर्णत्व नै योगबाट सिद्ध हुन्छ । त्यसकारण योगको पूर्णत्व प्राप्त गर्नको निम्ति भक्तिको पनि अति महत्व हुन्छ । भक्तिबाट सहज योग सिद्ध हुन्छ । योग भनेको हाम्रो शरीर हो । ज्ञान र भक्ति दुवै पखेटा हुन् । यो दुईटै सिकेर गएमा हामीले पूर्णत्व प्राप्त गर्न सक्दछौं भन्ने कुरा पनि यहाँहरुले पूर्ण रूपले स्वीकार गर्नु पर्दछ र अब हामीले गम्भीर रूपमा विचार गरौं कि अध्यात्म ज्ञान नै एक परमसत्यको ज्ञान गर्ने महान् पथ हो ।

मानव अन्तष्करणमा अनेक संस्कार हुन्छन् । त्यही विभिन्न संस्कार जम्मा हुनको कारण जीवन जन्मभावमा पुग्छ र यथार्थ सत्य जान्न सक्दैन । जन्म जन्मान्तरको संस्कार अनुसार हामीहरुमा त्यस्तो भाव रहेको हुन्छ किनभने बच्चैदेखि हामीलाई सत्य ज्ञानको साटो सांसारिक ज्ञानको बारेमा जानकारी दिइन्छ । त्यसैले गर्दा हामीभित्र सांसारिक भाव भई राखेको हुन्छ । भावना भनेको कुनै पनि शक्तिको भण्डार हो । भावनाबाट नै समस्त शक्तिहरुको उदय हुन्छ । जसले जस्तो भावना गर्छ उसले त्यस्तै शक्ति प्राप्त गर्दछ । मान्छेको जस्तो आन्तरिक भावना हुन्छ उसको बाहिरी क्रियाकलाप पनि उस्तै हुन्छ । जस्तो बिज रोपिन्छ, त्यस्तै विरुवा उत्पन्न हुन्छ । हामीले मकै रोपेर धान फल्दैन । आत्माले पनि जस्तो भावना गर्छ ऊ त्यही अनुरूप हुन जान्छ । उसमा अरु कुनै पनि चिजहरु घुस्न पाउँदैन त्यसैले हाम्रो भावना विशुद्ध बनाउनु जरुरी छ । भगवान् कृष्णले पनि  दैवी गुण हुनको लागि जोड दिनुभएको छ ।

अभयं सत्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।<br>
दानं दमश्च यज्ञचश्र स्वाध्यायस्तप आर्जवम् ।। १६.१ ।

अभय हुनु, अन्तष्करणको शुद्धि, ज्ञानयोग प्राप्तिको लागि दृढ स्थिति, दान गर्नु, इन्द्रिय दमन गर्नु, यज्ञ गर्नु, शास्त्रहरु पढ्नु शतशास्त्रको अध्ययन गर्नु, तपस्या गर्नु, सरलता भाव गर्नु भन्नु भएको छ ।

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं हीरचापलम् ।। १६.२।

अहिंसा भावना गर्नु, सत्यमा स्थित हुन जानु, क्रोध नगर्नु, त्याग गर्नु अर्थात् त्यागेर जीवन यापन गर्न सिक्नु, सदा शान्त हुनु, कसैलाई पनि चुकली नगर्नु प्राणीमात्रमा दया राख्नु, कुनै कुरा देखेर पनि लोभी नहुनु, कोमलता हुनु, लज्जा हुनु, व्यर्थ चेष्टा नगर्नु भन्नुभएको छ । अर्को श्लोक पनि उहाँले भन्नु भएको छ ।

तेजः क्षमा धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ।। १६.३।

तेज, क्षमा, धैर्य, शौच, अद्रोहमा नित्य रहनु । यी सबै गुण दैवी शक्तीमा जन्मेकाको लागि हुन् । हामीले पनि दैवी शक्ति प्राप्त गर्नुपर्छ । क्षमा, सन्तोष, दया, परोपकार, करुणा, प्रेम, सहानुभूतिले ओतप्रोत भएर सदा सुखी हुन पुग्नुपर्दछ । यदि हामीमा स्वार्थ, कपट, काम, क्रोध, लोभ, मोह, अहंकार रुपी भावना भयो भने हामी दुःखी हुन पुग्दछौं । हाम्रो स्वभाव पशुतुल्य हुन्छ । त्यो पशुतुल्यताबाट माथि उठ्नु नितान्त आवश्यक छ ।

जसको जस्तो भावना हुन्छ उसको त्यस्तै नै सिद्धि मिल्ने हुन्छ । त्यसैले हामीले पवित्र भावना गर्नु नितान्त आवश्यक छ किनभने भावना नै मनको धर्म हो । “भावस्सु मनसः धर्म" भाव मनको धर्म हो । भावनाबाट नै परमात्माको परम सत्य ज्ञान उपलब्ध गर्न सकिन्छ । भाव मनको विषय हुँदा भावद्वारा अपार शक्तिको अनुभव हुन आउँछ । त्यस परमपद प्राप्त गर्नको निम्ति शास्त्रमा भनिएको छ :

भावेन लभते सर्वम् भावेन देव दर्शनम् भावेन परमं ज्ञानम् ।

भावले नै सबै थोक प्राप्त गर्न सकिन्छ । भावनाको दृढताले देव दर्शन हुन्छ । भावनाले नै ज्ञान प्राप्त हुन्छ । शास्त्रमा भावनाद्वारा परमत्माको सगुण निर्गुण सबै प्राप्त हुन्छ भनिएको छ । भावशब्द र ज्ञान शब्दको अवस्था बुझ्नुपर्दछ । भावबाट नै हामीले त्यो वास्तविक तत्त्व प्राप्त गर्न

सक्दछौं । भगवान् परमात्माले उहाँको वास्तविक स्वरूप प्राप्त गर्नको लागि १५ अध्यायमा स्पष्ट भन्नुभएको छ ।

ततः पदं तत्परिमार्गितव्यंयस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्मं पुरुषं प्रपद्मे यतः प्रवृत्तिः प्रसृता पुराणी ।। १५.४।।

ब्रह्म पद राम्रै गरी खोज्नु पर्दछ, नखोजी हुँदैन । तपाई हामी जन्म्यौं र खोज्न लागेनौं भने वास्तविक तत्त्व पाउन सक्दैनौं । किनभने त्यहाँ गएकाहरु फेरी फर्केका छैनन् त्यो ब्रह्म पद प्राप्त गरी सकेपछि । अतः जुन परमेश्वर बाट यो संसार वृक्षको उदय भएको छ । 'म त्यहीं नारायणको शरण पर्दछु' । यस्तो भन्दै वास्तविक त्यो पद खोज्नु पर्दछ । खोज्नको निम्ति पनि व्यक्तिको विशेष अवस्था हुनु पर्दछ भन्ने कुराको संकेत गर्नुभएको छ । किनभने

निर्मानमोहा जितसङ्गदोषाअध्यात्मनित्या विनिबृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसञ्ज्ञर्गच्छन्त्यमूढाः पदमव्ययं तत् ।। १५.५।

जो जसले मान नचाहिने, मोह नभएका व्यक्ति, आशक्ति रूप दोषलाई जितेका, नित्य अध्यात्ममा चिन्तन गर्नेवाला, कामना नष्ट भएका मात्रले यो अविनाशी पद प्राप्त गर्दछन् । हामीले त्यो पद प्राप्त गर्नु छ भने हामी त्यस्तै हुनपर्छ किनभने त्यो परमात्मा पवित्र छ, निर्मल छ, शाश्वत छ, सनातन छ, ध्रुव छ, अविनाशी छ, अविकारी छ, सर्वत्र व्यापक छ उसको अलौकिक महिमाले अनेक जगत् ब्रम्हाण्ड नै उसको स्वयं स्वरूप नै परिकल्पित भई रहेको छ । अब त्यस्तो स्वरुप प्राप्त गर्नको लागि भगवान्ले भन्नुभएको छः

न तभ्दासयते सूर्यो न शशाको न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ।। १५.६।

जसलाई न सूर्यले प्रकाश दिन सक्छ न चन्द्रमा न अग्नि त्यसमा पुग्दछन् त्यहाँ पुगेपछि फर्किइदैन त्यो नै मेरो परमधाम हो । त्यसैले त्यो परमधाम प्राप्त गर्नको निम्ति तपाई हामीले बडो दत्तचित्त भएर वास्तविक परमात्माको यथार्थ खोज गर्नु पर्दछ ।

प्रत्येक व्यक्ति जन्मेपछि अधिकाशं संसारमा सम्पूर्ण पशुभावमा हुन्छन् कोही कोही मात्रै वीरभावमा आउँछन् । कोही मात्रै दिव्य भावमा जान्छन् । भाव ३ किसिमको बताईएको छ ।

१) पशुभाव
२) वीरभाव
३) दिव्यभाव

सांसारिक प्रवृत्तिले युक्त भएको व्यक्तिलाई पशु भाव बताईएको छ । जसमा काम, क्रोध, लोभ, मोह आदिले पूरा अड्डा जमाएको हुन्छ । त्यस्ता व्यक्तिले देहलाई नै आत्मा मानेका हुन्छन् र विशेष सकाम कर्मी हुन्छन् । उनीहरुमा अरु विचार हुँदैन त्यसकारण त्यस्तो व्यक्तिलाई पशु समान । तामसिक व्यक्तिको भाव भनिएको छ ।

अर्को त्यो भन्दा माथि वीरभाव भनिएको छ । त्यसलाई राजसिक भाव पनि भनिन्छ । यसमा काम, क्रोधादिमा विजय प्राप्त गरेका अह्िंसक, जितेन्द्रिय, निष्काम कर्मी, परमार्थी सुख-दुःखमा सम राख्ने वीरभावको साधक हो भनिएको छ । हेर्नुहोस् फेरी यी साधकहरुमा पनि २ किसिमको बताईएको छ । जसलाई वेदहरुद्वारा सत्वत्रानको उपलब्धि भएको विषय वासना क्षीण भएको व्यक्तिलाई स्वभाव वीर भनिन्छ ।

पशुभाव अर्थात तामसिक प्रवृत्त निवृत्ति नभएको तत्वज्ञानको उपलब्धि नभएको व्यक्ति धर्म गर्दछन्, परमेश्वरको चिन्तन गर्दछन्, प्रभुनाम जप्दछन्, प्रभुको भजन गर्दछन्, प्रभुको सुमिरण गर्दछन्, तत्वज्ञान भएको छैन ती व्यक्तिहरु विवादवीर अवस्थाका हुन् अर्थात राजसिक स्वभावका हुन् ।

सात्विक प्रवृत्तिको व्यक्तिलाई अन्तष्करण शुद्ध हुन्छ त्यो सदा दिव्य र देवताको समान छ । द्वन्दभन्दा पर सबै प्राणीहरुमा समान रहेको र क्षमाशील हुन्छ त्यो दिव्य भावको व्यक्ति हो । द्वैतभाव रहित भएर परमात्मामा स्थिति प्राप्त गर्ने समर्थ भएको व्यक्ति दिव्यभाववाला भनिन्छ । परमात्माको स्थितिमा पुग्न जान सक्ने त्यस्तो किसिमको अवस्था र सर्वत्र परमात्मा नै परमात्मा देख्न सक्ने अवस्था हुनु नै दिव्यभाव मानिएको छ । त्यसकारण हामीले त्यो अवस्था प्राप्त गर्न सक्नुपर्दछ । भाव नै सृष्टि रूप र भाव नै सृष्टिवर्जित रूप हो । अर्थात भावबाट नै सबै कुरा बन्दछ र भाव नभए कुनै कुरा पनि बन्दैन । भाव धनात्मक र अभाव ऋणात्मक मानिन्छ । भाव र अभाव दुबै नहुनु नै भाव भनिएको छ । अर्थात न ऋणात्मक न धनात्मक नै भाव ठहरियो ।

'भावातीत भावस्य भाव' अर्थात कस्तो भन्नुहुन्छ भने भावभन्दा पनि माथिको भावको भाव अर्थात परमं भावासी भाव हो । एउटा वस्तुमा ऐनाको प्रतिबिम्व हेर्दा दुईटा भान परेजस्तो एउटै भावबाट दुई भाव झल्कन्छ 'द्वित्तोमा एकत्तो' मिल्दछ । गन्नि पदार्थ नभए गन्ती हुन सक्दैन । त्यस्तै द्वित्तो भाव नभए एकत्तो भाव कसरी होला ? यसको संकेत शिवले गर्नुभएको छ । व्यक्ति पशुभावबाट माथि उठेर दिव्यभावमा पुग्नु नितान्त आवश्यक छ । त्यो भाव कुन प्रकारबाट उठेको छ त्यो बुझ्नु जरुरी पर्दछ । शास्त्रमा एकदम स्पष्ट बताईएको यी भावलाई एकदम राम्ररी सम्झनुस् तपाईहरुले आफ्नो भावनाको विकास गर्नुपर्छ ।

वेदको श्रवण मात्र गर्नाले जुन भाव उत्पन्न हुन जान्छ त्यो अधम हो । शास्त्रको अध्ययन मनन गरेपछि जुन दिव्य भाव उत्पन्न हुन्छ त्यो मध्यम हो । विभिन्न शास्त्रमा बताइएको व्याख्यालाई बुझेर यदि दिव्यभाव प्राप्त भएमा उसलाई मध्यम भनिएको छ । साधकले साधन गर्दा गर्दा जुन विवेक उत्पन्न भएर दिव्यभाव प्रकट हुन्छ त्यो नै उत्तम हो भनिएको छ ।

दिव्य भाव भावलाई प्राप्त गर्नको निम्ति हामीले बडो कोशिस गर्नुपर्छ किनभने संसारमा ३ प्रकार का साधक हुन्छन् । सात्विक, राजसिक र तामसिक । जसलाई दिव्य, वीर र पशुभावमा मानिएको छ । यी तिन मध्ये पशुभावका व्यक्ति संसारमा अत्यधिक छन् , हामीले लगभग ८०% पशुभावमा भएका व्यक्ति भेट्टाउछौं । लगभग १३% जति वीर भावमा भएका र ७% जति मात्र दिव्यभावमा भएका पाउँछौं । पशुभावका व्यक्तिलाई साधनाबाट वीरभावमा पुऱ्याउने र वीरभावका व्यक्तिहरुलाई अलगअलग साधन गराएर भएपनि दिव्यभावमा पुऱ्याउनु पर्छ । जसबाट व्यक्तिले दक्षता प्राप्त गर्नसक्छ । शास्त्रमा साधनद्वारा उसलाई माथि उठाउने अनेकौं आवरणहरु बताईएको छ । त्यस आवरणबाट व्यक्तिले माथि जानु पर्दछ । प्रत्येक साधकको विकासको लागि शास्त्रमा सप्तआचारको व्यवस्था गरेको छ जस्तो वेदाचार, वैष्णवाचार, कौलाचार आदीको बारेमा व्याख्या गरेको छ । यही आचारबाट नै शुद्र पनि ब्राम्हण हुन पुगिन्छ । आचरण नगरी जन्मदैमा ब्राम्हण हुँदैन । ब्राम्हणत्वको कारण जन्म, संस्कार, कूल र वेदाध्यय मात्र हैन, प्रमुख त सदाचार हो । त्यसैकारणले हामीलाई सदाचार अति नै आवश्यक छ ।

'आचारहीनं न पुन्तिवेदाः' अर्थात आचारहीन पुरुषलाई वेदले पनि पवित्र गर्न सक्दैन । त्यसैले पहिले वेदाचारको साधन बताईएको छ ।

वेदाचारमा साधक ब्रह्ममुहूर्तमा उठ्नु पर्छ र स्नान गरेर सर्वप्रथम गुरुको स्मरण गर्नु पर्छ र गुरुदेवलाई प्रणाम गरेर सहस्रदलमा ध्यान गर्नुपर्छ र सरस्वती मंत्रको एक माला भएपनि जप गर्नुपर्छ । यसको उच्चारण गरी सकेपछि कुण्डलिनी भगवतीको ध्यान गर्नु पर्छ अनि ब्रह्मदेवको चिन्तन गर्नुपर्छ । किनभने ब्रह्माबाट नै यो सृष्टि भएका हुनाले उहाँको चिन्तन गर्नुपर्छ । गुरुले दिनुभएको मूल मन्त्रको जप गर्नुपर्छ । शक्तिको यथासक्य जप गर्नुपर्छ । त्यसपछि आफ्नो गायत्री जप गर्नुपर्छ । यी सबै कर्म गरेर त्रिसंध्या स्नान गरेर कर्तव्यकर्म गर्नुपर्छ र यसमा हामीले ऋतुकाल बाहेक अघिपछि स्त्री गमन गर्नु हुँदैन । यस आचारबाट नै व्यक्तिले आफ्नो विकास गर्दछ । त्यो आचरण गरिसकेपछि पनि फेरी साधन गरेर सांगोपांग विधि अनुसार गुरुबाट जानकारी लिएर वेदाचारको साधन गर्नुपर्छ । वेदाचरको बडो महत्त्व छ ।

त्यसपछि उसलाई वैष्णवाचारमा प्रवेश गर्ने निर्देशन दिएको छ । वैष्णवाचारमा वेदाचारमा बताईएको जति नित्य कर्महरु छन् त्यसैमा रहेर सबै कर्महरु गरेर त्यसको परिपाक भैसकेपछि वेदाचारको नियमको साथसाथै वैष्णवाचारको नियममा प्रवेश गर्नु पर्छ किनभने वैष्णवाचारमा प्रवेश गरिसकेपछि विष्णु, राम या कृष्णको दीक्षा नितान्त आवश्यक छ । पूजामा तत्पर रहनुपर्छ । यसमा हिंसा गर्नु हुँदैन । कसैको निन्दा गर्नु हुँदैन । मांस भोजनलाई त्याग गर्नु पर्छ । विष्णु जप नितान्त आवश्यक छ । यज्ञलाई विष्णुको संज्ञा दिईएको छ । वेदमा विश्व ब्रह्माण्डलाई नियममा राख्नेवाला विष्णु हुन् भनिएको छ । विष्णु यज्ञकर्ता हुन् । विष्णुको उपासनाले चार वेदको रहस्य पत्ता लगाउन सकिन्छ । उसले शक्तिको पनि उपासना सहित साधना गर्नु आवश्यक छ । यसमा त्यसको मातृगणहरु, विष्णुको अरु पार्षदहरुको पनि उपासना गर्न नितान्त आवश्यक छ । सर्वत्र चरअचर जगत्मा सम्पूर्ण भगवान् हरिमय देख्नु आवश्यक छ । जगत लाई नै हरिरूपमा देख्न सक्ने अवस्था प्राप्त गर्नुपर्दछ । हामीले सर्वत्र व्यापक रूप नारायणलाई देख्नको निमित्त कोशिस गर्नु पर्दछ ।

त्यसपछि उ शैवाचारमा जाओस् र आचारमा पूर्वोक्त साधनहरु गरेर, वेदाचारको नियमहरु पालना गरिसकेपछि आंशिक रूपमा भगवान् नारायणको पनि चिन्तन गरेर उसले सदाशिवको सात्विक रूपको चिन्तन गर्नु पर्छ । अनि शिव मन्त्रको जप गर्नुपर्छ । शिव मन्त्रको अनुष्ठान गर्नुपर्छ । विधिपूर्वकले उपासना गर्नु पर्दछ। शास्त्रलाई विधिवत जानेर त्यसलाई नियमानुसार धारण गर्नुपर्छ । शैवको पाशुपत विद्यानुसार साधन गरेर हामीले समस्त ब्रह्माण्डलाई शिवमय जगत् देख्नुपर्छ । सम्पूर्ण शिव नै शिव रहेछ बाहिर पनि भित्र पनि शिव कल्याण स्वरूप

शिवाचारको विधिपूर्वकले भगवान् शिवको पवित्रताको साथमा साधना गर्ने गर्नोस् । शैवाचारबाट शिवको सर्वत्र ज्ञान गरिसकेपछि अब हामी दक्षिणाचारमा प्रवेश गर्नु पर्छ ।

दक्षिणाचार भनेको यो दक्षिणमूर्ति ऋषिले गरेको आचरण हो । दक्षिण शब्दको अर्थ अनुकूल हो । पूर्व आचारबाट साधकले ज्ञान आर्जन गरिसकेपछि दृढ ज्ञान गर्न यस आचरणलाई गरिन्छ । यी सबैको ज्ञानलाई दृढ गर्नको निम्ति यसमा वेदाचारको क्रमले भगवतीको पूजा गर्नुपर्दछ । यो पूजा रात्रीमा गरिन्छ । नदीतिरमा, मन्दिरमा, पर्वतमा गुफामा, भगवतीको पीठहरुमा शिवालयहरुमा, पिपलको वृक्षमा बसेर शंखमालाले जप गर्नु भनिएको छ । यी ४ वटा आचार हरुलाई पशुभावको अन्तर्गत मानिएको छ । किनभने यसमा भेदको उपासना हुन्छ । परमात्मा अर्को म अर्को भनेर उपासना हुन्छ । उपासना गरीराख्ने हुनाले यसलाई पशुभाव अन्तर्गत राखिएको छ ।

त्यसभन्दा माथि वामाचार छ । यसमा दिनमा ब्रम्हचर्य पालन र रात्रीमा पंचतत्वद्वारा देवीको आराधना गर्नु पर्छ । मूलाधार, स्वाधिष्ठान, मणिपुर, अनाहत, विशुद्ध, आज्ञाचक्रहरुको साधन हुन्छ। यसमा मन्त्र जप गर्नुपर्छ । यो क्रिया अति गोप्य राख्नुपर्छ । कसैलाई पनि भन्नु हुँदैन । 'गुप्ताकूलवदुरिवा' कूलको वधु जस्तो, गुप्त अंगजस्तो गुप्त । कदाचित प्रकाश गर्नु हुँदैन । यो साधन गर्ने व्यक्ति परद्रव्यको लागि अन्धो बस्नु पर्छ, परस्त्रीको लागि नपुंसक हुनु पर्छ र सदा ईन्द्रियलाई वशमा गर्नु पर्छ । यो मार्ग जितेन्द्रिय व्यक्तिबाट मात्र संभव छ । यसमा पञ्चतत्त्वले कूलस्त्री पूजा गर्नु अर्थात उसको स्त्रीलाई बायाँपट्टि राखेर साधन पूजा गर्नु पर्छ । वामस्वरूपा भएर प्रकृतिको पूजा गर्नु पर्दछ । त्यसैले यो वामाचार भनिएको हो। यो वामाचार मार्गमा हामीले यसलाई घृणा गर्ने होइन यो अलि गोप्यनीय पनि छ। त्यस कारण यसलाई राम्रो किसिमले अपनाउनु पर्छ । यो साधक जो छ अभेद भावना स्थित भई सकेको हुन्छ । पहिलेका ४ साधन पालन गरेर अगाडि बढेको साधक हुनु पर्दछ ।

त्यसपछि यो व्यक्ति सिद्धान्ताचारमा प्रवेश गर्नुपर्दछ । वामाचारबाट सिद्धान्ताचारमा साधकको प्रवेश हुन्छ । यस आचारमा साधकको चञ्चलता हटेर ब्रह्मानन्दमा रहन्छ । अर्थात वेदशास्त्र प्रणालीमा रहेको गूढ ज्ञान उसलाई हुन लाग्दछ त्यसमा भएको रहस्य ज्ञान खुल्न लाग्दछ अनि ऊ भैरवभेष धारण गर्दछ, रुद्राक्ष अथवा अस्थिमाला कपालपात्र खोपडीलाई साधकले धारण गर्दछ र साधकले 'भैरव हुँ' भनेर निर्भय भएर विचरण गर्दछ र सो आचार वीरभाव अन्तर्गत पर्दछ अर्थात यो स्वयं नै 'सोहं' भाव अन्तर्गत गर्दछ। त्यसकारण यो सिद्धानताचारको बढो रहस्य र महत्वपूर्ण छ ।

त्यसभन्दा माथि कौलाचार भनिएको छ । कौलाचारी व्यक्ति कस्तो हुन्छ त भन्दा जसरी शैवाचारबाट साधन गरेर दक्षिणाचारमा आयो त्यस्तै गरी हामीले अहिले सिद्धान्ताचारमा आयौं, कौलाचारमा आयौं, अब यस कौलाचारी व्यक्तिको निर्दिष्ट नियम नै हुँदैन । महामन्त्र साधनामा दिशाकालको नियम पनि हुँदैन । कौल स्थितिमा पुगेको व्यक्ति उसलाई स्थानास्थान काल अकाल अथवा कर्माकर्म आदिको अलिकति पनि विचार हुँदैन । यस्तो व्यक्ति कस्तो हुन्छ भन्दा कहिले बालक भाव जस्तो कहिले भूतप्रेत पिशाच जस्तो हुन्छ । यस्तो व्यक्ति प्राकृत जितेन्द्रिय हुन्छ । 'कौलोधर्म परमधनो योगिनाम गम्य' अर्थात कौल धर्म अत्यन्त गहन छ जुन योगीहरुको लागि पनि गहन भनिएको छ । त्यसमा कौलव्यक्ति ब्रह्माकार भूमिकामा अवस्थित हुन्छ । उसलाई विकार उत्पन्न गर्ने कुनै पनि बस्तुले स्पर्श गर्न सक्दैन । कूल शब्द फेरि शक्तिको वाचक हो र अकूल शब्द शिवको वाचक हो । कूल अकूलको सम्बन्धलाई नै कौल भनिन्छ । यसबाट यो थाहा हुन्छ कि साधारणआचरणको अपेक्षा वेदाचारभन्दा वैष्णवाचार, वैष्णवाचारभन्दा शैवाचार, शैवाचार भन्दा दक्षिणाचार, दक्षिणाचार भन्दा वामाचार, वामाचार भन्दा सिद्धान्ताचार, सिद्धान्ताचार भन्दा कौलाचार श्रेष्ठ छ । त्यसकारण कौलाचार नै आचरणको अन्तिम सिमाना हो ।

साधकले वेदाचारदेखि प्रवेश गरेर कौलाचारको अवस्थामा आउनु नितान्त आवश्यक छ। वेदाचारबाट प्रवेश गरेर भगवद् भक्ति प्राप्त गर्दै क्रमशः उच्च ज्ञानको भूमिकामा पुगेर सर्वत्र चिन्मयी महाशक्ति देख्दछ र परब्रह्म अवस्थामा पुग्दछ । समस्त कर्म बन्धनबाट मुक्त हुन्छ । शरीर पश्चात कैवल्य प्राप्त गर्दछ । निर्वाण मुक्ति हुन्छ । यही नै कौलाचारको परम चरमावस्था हो । योग साधन र कौल साधन एकै प्रकारको हो । कारण कौल व्यक्ति योगी भएर कूल कुण्डलिनीको ध्यान गरेर सम्पूर्ण सिद्धिहरुलाई प्राप्त गर्दछ । योगमार्गद्वारा कुण्डलिनी जगाउन सकिन्छ । हाम्रो योग मार्ग पनि कूलाचार साधन हो । अष्टाङ्ग योग मार्ग वा क्रमिक योगमार्गबाट परमात्मालाई प्राप्त गर्न सकिन्छ ।

आर्य महर्षिहरुले मानव कल्याणको लागि समस्त खोज गरेर यस्तो निष्कर्ष निकालेका छन् कि कुनै पनि साधक वा यथार्थ लक्ष्य प्राप्त गर्न अघि बढ्ने व्यक्तिमा मातापिताको अपेक्षा दूरदर्शी तत्वज्ञानी र पारदर्शी व्यक्तिको सल्लाह र सुझावको अति आवश्यकता पर्दछ । बालकको मनोविज्ञान सुक्ष्मतालाई सम्झने क्षमता महापुरुषहरुमा नै हुन्छ । यदि मनुष्यको मस्तिष्कमा विचार स्वमुख अर्थात् ज्ञान, गुण, कर्म आदिमा कुनै महापुरुषको नियन्त्रण रहन्छ भने ठीक छ

अन्यथा त्यसलाई निगुरा भन्दछन् । निगुराको मतलब कुनै गुरु नभएको हो। जसरी विना मातापिता बालकको जन्म हुँदैन, त्यस्तै विना गुरु कसैले पनि मनुष्यत्व प्राप्त गर्न सक्दैन । त्यसैले परिवार, समाज, देश र विश्वको कल्याणमा सुसंस्कारित व्यक्तिबाट नै हित हुन सक्छ । त्यसैले हामीले यस्तो बाटो अपनाउन नितान्त आवश्यक छ । हरि ॐ शिव ।